# कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावनाः** कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण मार्फत उत्पादन एवं रोजगारी अभिबृद्धि, उद्यमशिल क्षमताको विकास तथा प्रोत्साहनका लागि कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्षः

(क) नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्थाबाट कृषि ऋण लिई व्यवसायिक कृषि कार्यमा संलग्न रहेका कृषक, फर्म, कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाले यस कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) सम्बन्धित व्यवसायको लागि कुनै पनि निकायबाट ब्याज अनुदान प्राप्त गरिसकेको आवेदकलाई दोहोरो सुविधा हुनेगरी ब्याज अनुदान उपलब्ध गराईने छैन।

(ग) सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाबाट अधिकतम ११ प्रतिशत ब्याजदर कायम हुने गरी कृषि ऋण स्वीकृत भएको हुनुपर्नेछ।

(घ) यस कार्यक्रमबाट ब्याज अनुदान प्राप्त गर्ने कृषक/व्यवसायीले व्यवसायको बीमा गर्नुपर्नेछ।

## २. आर्थिक पक्षः

(क) वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही पहिला आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिने गरी ब्याज अनुदान उपलब्ध गराईनेछ।

(ख) ब्याज अनुदान व्यहोरिने कुल ऋण रकमको सीमा न्यूनतम पाँच लाख रुपैंया देखी अधिकतम पचास लाख रुपैंया हुनेछ।

(ग) ऋणको पाँच प्रतिशत ब्याज अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खातामा भुक्तानी गर्न सकिनेछ।

(घ) ब्याज अनुदानको अवधि बढीमा तीन वर्षको हुनेछ।

(ङ) अनुदानग्राहीले सम्बन्धित ऋण प्रवाह गर्ने संस्थामा ब्याज रकम भुक्तानी गरेको भौचर पेश गरी भुक्तानी माग गरेपछि आवश्यक परेको खण्डमा मन्त्रालय वा मातहतका निकायबाट स्थलगत अनुगमन गरी कृषि ऋणको प्रयोग सम्बन्धित व्यवसाय संचालनका लागि भएको एकीन गरी ब्याज अनुदान रकम भुक्तानी गर्न सकिनेछ।

## ३. कृषि ऋणको लागि ब्याज अनुदान उपलब्ध हुने व्यवसायहरु

(क) तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

(ख) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

(ग) पुष्प व्यवसाय तथा बागबानी,

(घ) पशुपन्छीपालन,

(ङ) अष्ट्रिच, टर्की र हाँसपालन, सो को मासु एवम् अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,

(च) फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्रि वितरण,

(छ) दुग्ध उत्पादन, प्रशोधन र बिक्रि वितरण

(ज) मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण

(झ) च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण

(ञ) पशुवधशाला, मासुजन्य उत्पादन, सो को भण्डारण, प्रशोधन तथा बिक्रि वितरण,

(ट) आलु खेती, खाद्यान्न बालीउत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

(ठ) उखु, कफि, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी खेती तथा यिनिहरुको भण्डारण, प्रशोधन र बिक्रि वितरण,

(ड) मौरी पालन व्यवसाय,

(ढ) जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्रि वितरण,

(ण) प्राङगरिक तथा जैविक मल, जैविक विषादी,

(त) पशुपन्छीजन्य उद्योग,

(थ) कपास, ऊन, खेती/उत्पादन प्रशोधन र बिक्रि वितरण,

(द) भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन,प्रशोधन र बिक्रि वितरण,

(ध) कृषि वन प्रणालीमा समाविष्ट व्यवसायहरु

(न) मन्त्रालयले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु।

**४. "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को अनुसूचि ४ बमोजिमको प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) सम्बन्धित ऋण प्रवाह गर्ने संस्थामा प्रस्तावकले पेश गरेको व्यवसायिक योजना (कार्ययोजना नखुलेको भए सो समेत समावेश गर्ने)।

(ग) स्वीकृत कृषि ऋण र सो को लागि लिईने ब्याजदर (अन्य सेवा शुल्क लिईने भए सो समेत) खुलाईएको सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाले प्रदान गरेको पत्र।

(घ) व्यवसायको बीमा सम्बन्धी कागजात।